# मनहरी गाउँपालिका

# गुट्खाजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) कार्यविधि, २०८०

## मनहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रजैया, मकवानपुर ।

कार्यपालिका बैठकबाट पारित मिति: २०८०।०४।१६

प्रमाणित मिति: २०८०।०४।१६

# मनहरी गाउँपालिका

## गुट्खाजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) कार्यविधि, २०८०

**प्रस्तावनाः**

गुट्खाजन्य पदार्थ सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानीकारक भएको र गुट्खाजन्य पदार्थ सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित अभिवृद्धि गर्न गुट्खाजन्य पदार्थको व्यवस्थित बिक्री, वितरण, ओसारपसार तथा सेवन गर्ने कार्यलाई न्यूनिकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मनहरी गाउँपालिका गुट्खाजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) कार्यविधि, २०८० " रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "उत्पादक" भन्नाले गुट्खाजन्य पदार्थको उत्पादक सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले मनहरी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले मनहरी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "निरीक्षक" भन्नाले दफा १० बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "व्यवस्थापक" भन्नाले सम्बन्धित कार्यालयको प्रमुख भई काम गर्ने वा प्रमुखको अख्तियारी बमोजिम कार्य गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले दफा १४ बमोजिम गठित गुट्खाजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्छ ।



रन्जन कालाखेती

(ञ) "गुट्खाजन्य पदार्थ" चपाएर सेवन गर्नको निमित्त बनाइएको सुपारी तथा सोबाट निर्मित वा सुपारी तथा चुना वा रसायन मिश्रित पराग, रजनीगन्ध, पान पराग, भोला, पुकार वा यस्तै प्रकारका खुला वा पाकेट बन्ध/डिब्बा बन्द गुट्खाजन्य पदार्थ सम्झनु पर्छ ।

(ट) "गुट्खाजन्य पदार्थ सेवन" भन्नाले गुट्खा वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राखी चपाउने, त्यस्तो पदार्थको वा सेवन गर्ने काम सम्झनु पर्छ ।

## परिच्छेद–२

## गुट्खाजन्य पदार्थको नियन्त्रण

**४. सार्वजनिक स्थलमा गुट्खाजन्य पदार्थ सेवन गर्न नहुनेः** (१) कसैले पनि गुट्खाजन्य पदार्थ बिक्री वितरण, ओसार पसार तथा सेवन गर्न पाउने छैन ।

**५. सूचना टाँस गर्नु पर्नेः** यो कार्यविधि लागू भएको १५ दिनभित्र व्यवस्थापक वा प्रोपाइटरले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा गुट्खाजन्य पदार्थ सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

**६. घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुनेः** कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने वा नपर्ने गरी घर तथा निजी सवारी साधन भित्र गुट्खाजन्य पदार्थ सेवन गर्न हुँदैन ।

## परिच्छेद–३

## गुट्खाजन्य पदार्थको बिक्री वितरण

**७. बिक्री बितरण:** (१) यस गाउँपालिका क्षेत्रभित्र गुट्खाजन्य पदार्थको विक्री वितरण गर्न पाउने छैन ।
तर राजमार्ग क्षेत्र हुँदै गाउँपालिका क्षेत्रमा बिक्री वितरण नगर्ने गरी गन्तब्यमा लैजान ओसार पसार गर्न पाइनेछ ।

**७. विज्ञापन तथा प्रायोजन गर्न नपाइनेः** उत्पादक लगायत कसैले पनि यस गाउँपालिकाभित्र पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई–मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट गुट्खाजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

**८. प्रदर्शनमा बन्देजः** (१) कसैले पनि गुट्खाजन्य पदार्थ खान वा बिक्री वितरण गर्नको लागि वा प्रोत्साहन गर्ने उद्यश्यले प्रदर्शन गर्न पाउने छैन ।

९. उपहार दिन नपाउने: गाउँपालिका क्षेत्रभित्र कसैलाई खान वा खुवाउन, बिक्री वितरण गर्नको लागि गुट्खाजन्य पदार्थ निशुल्क रुपमा उपहार दिन पाइने छैन ।

रन्जन कालाखेती

## परिच्छेद–४

## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

**९. निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) कसैले यस कार्यविधि विपरीत सार्वजनिक स्थलमा गुट्खाजन्य पदार्थ सेवन गरे वा नगरेको वा व्यवस्थापकले यस कार्यविधि बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि प्रमुख प्रशासकीय अधिकृतले सामाजिक विकास शाखाका अधिकृत स्तरको कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले आफुले गरेको कामको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधिमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. निरीक्षण गर्न सक्नेः** (१) कसैले यस निर्देशिकका विपरित सार्वजनिक स्थलमा गुट्खाजन्य पदार्थ सेवन गरे वा नगरेको वा बिक्रेताले वा व्यवस्थापकले यस कार्यविधि बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा गुट्खाजन्य पदार्थ सेवन गरेको वा विक्रेताले यस कार्यविधि बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस कार्यविधि बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धित बिक्रेतालाई निर्देशन दिन वा तत्काल जरीवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन बिक्रेताले पालना गर्नु पर्नेछ ।

## परिच्छेद–५

## सजाय तथा पुनरावेदन

**११. सजायँ:** (१) कसैले यस कार्यविधि विपरीत सार्वजनिक स्थलमा गुट्खाजन्य पदार्थ बिक्री वितरण तथा सेवन गरेमा देहाय बमोजिम सजाय गर्नु हुनेछ –

(क) यो कार्यविधिको बर्खिलाप हुने गरी कुनै विक्रेता वा सप्लायर्सले गाउँपालिका क्षेत्रभित्र खुद्रा वा थोक रुपमा गुट्खाजन्य पदार्थ बिक्री बितरण गरेको पाइएमा पहिलो पटक भए गुट्खाजन्य पदार्थ जफत गरी नष्ट गरिनेछ । पुनः बिक्री वितरण गरेको पाइएमा पुन: जफत गरी पहिलो पटक भए एक हजार दोस्रो पटक भए पाँच हजारको दरले जरिवाना गरिनेछ ।

(ख) गाउँपालिकाबाट तलब भत्ता बुझी कामकाज गर्ने कर्मचारी वा भएमा तत्काल कार्यस्थलबाट बाहिर निकाली पटकै पिच्छै एक हजार रुपैयाँ जरिवाना गरिनेछ ।

(ग) संस्थागत (बैंक तथा वित्तीय संस्था वा सहकारी वा यस्तै प्रकृतिको सार्वजनिक संस्था) रुपमा काम गर्ने कर्मचारीको हकमा व्यवस्थापक वा प्रोपाइटरले गुट्खाजन्य पदार्थ सेवन गर्न तुरुन्त रोक लगाउने पटकै पिच्छे पाँचसय रुपैयाँ जरिवाना गरी गाउँपालिकाले तोकेको गाउँपालिकाको खातामा जरिवाना रकम जम्मा गर्नु पर्नेछ ।

(घ) गुट्खाजन्य पदार्थ सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक गुट्खाजन्य पदार्थ सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा पाँच सय रुपैयाँ जरिबाना वा दुवै सजाय गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

(ङ) गुट्खाजन्य पदार्थ खान तथा खुवाउन प्रोत्साहन गर्ने वा बिक्री बितरणको लागि निशुल्क रुपमा उपहार दिइएको पाइएमा सो जफत गरी उपहार लिने र दिने दुबैलाई जनही पाँचसय जरिवाना गरिनेछ ।

(२) उल्लेखित जरिबाना वापत संकलित रकम गाउँपालिकाको संचित कोष खातामा जम्मा गर्नु पर्नेछ ।

**१२. पुनरावेदनः** निरीक्षकले गरेको कारवाही र जरिवाना उपर प्रमुख प्रशासकिय अधिकृत समक्ष सात दिन भित्र पुनरावेदन दिन सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद–६

## विविध

**१३. अनुगमन समितिः** गुट्खाजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्न तथा यस कार्यविधिको पालना भए नभएको अनुगमन गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा रहेको बजार अनुगमन समितिलाई बजार अनुगमनको अधिकार हुनेछ । अनुगमनको कार्यमा वा अनुगमन समितिको बैठकमा समितिले आवश्यकता अनुसार निरीक्षकलाई आमन्त्रितको रुपमा सहभागी गराउन सकिनेछ ।

**१४. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गुट्खाजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा गाउँकार्यपालिका समक्ष सुझाव पेश गर्ने,

(ख) गुट्खाजन्य पदार्थ सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) गुट्खाजन्य पदार्थ सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) गुट्खाजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनिकरणको लागि आवश्यक काम गर्ने,

(छ) व्यवस्थापकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ज) व्यवस्थापकको काम कारबाहीको सम्बन्धमा व्यवस्थापकलाई आवश्यक निर्देशन दिने,

(झ) कार्यविधिले तोके बमोजिमको व्यवस्था कायम बजार अनुगमन गर्ने ।

**१५. जफत गरेको गुट्खाजन्य पदार्थ नष्ट गर्नु पर्नेः** (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम जफत गरेको गुट्खाजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुट्खाजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

रैन्द्र कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँटैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

**१६. नियम तथा कार्यविधि बनाउन सकिनेः** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाकाले आवश्यकता अनुरुप नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**१७. सहयोग गर्नु पर्नेः** यस कार्यविधि बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ ।

१८. **कार्यविधिको व्याख्याः** यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**१९. संसोधन, बचाउ र खारेजीः** यो कार्यविधि संसोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँ कार्यपालिका बैठकले संशोधन वा खारेज गर्न सक्नेछ । यो कार्यविधिमा लेखिएका कुराहरु संघीय कानुन, प्रदेश कानूनसँग बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
मनहरी गाउँपालिका